राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ | अंक १०१ | २०८२ कात्तिक २५ गते मंगलवार (11 Nov. 2025) | पृष्ठ ४ | मूल्य रू. ३।-

# मधेश प्रदेशमा असंवैधानिक सरकार गठनको आरोप, सडकदेखि सर्वोच्चसम्म विवाद

दैनिक समाचारदाता

जनकपुरधाम, २४ कात्तिक । मधेश प्रदेशमा नयाँ सरकार गठनको विवादले राजनीतिक तनाव, सडक आन्दोलन र कानुनी द्वन्द्व सबै एकसाथ जन्माएको छ । प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले नेकपा (एमाले) संसदीय दलका नेता सरोजकुमार यादवलाई संविधानको धारा १६८(३) अनुसार मुख्यमन्त्री नियुक्त गरेकी छिन् । तर यो कदम संविधानको आत्मा र प्रक्रियाविपरीत भएको भन्दै विपक्षी दलहरू सर्वोच्च अदालतमा रिट दायर गरेको छ ।



जनता समाजवादी पार्टी (जसपा) नेपालका नेता मनिष सुमनका अनुसार, रिट दर्ता गरी आवश्यक परे तत्कालीन अन्तरिम आदेश माग्ने तयारी भइरहेको छ । उनका अनुसार, प्रदेश प्रमुखले धारा १६८(२) अन्तर्गत वैकल्पिक सरकार गठनको सम्भावना बाँकी हुँदाहुँदै १६८(३) को प्रावधान प्रयोग गर्नु संविधानको उल्लंघन हो । संविधानको मर्म अनुसार, १६८(२) अन्तर्गत बहुमत प्राप्त गर्न सक्ने कुनै दल वा गठबन्धन अस्तित्वमा रहेसम्म १६८(३) लागू गर्न पाइँदैन ।

***राजनीतिक पृष्ठभूमि र विवादको कारण***

प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले शनिवार बिहान अचानक सरोजकुमार यादवलाई मुख्यमन्त्री नियुक्त गरेकी थिइन् । एमाले नेतृत्वमा गठन भएको यो सरकार विपक्षी दलहरूका लागि अकल्पनीय झड्का बन्यो। जसपा, लोसपा, माओवादी केन्द्र, एकीकृत समाजवादी र नेपाली कांग्रेसले प्रदेश प्रमुखको कदमलाई 'गैरसंवैधानिक र पूर्वनियोजित सत्ताकब्जा प्रयास' भनेका छन् ।

जसपा अध्यक्ष उपेन्द्र यादवले त प्रदेश प्रमुखलाई नै बर्खास्त गर्नुपर्ने माग गरेका छन् । उनले भण्डारीले 'छापामार शैलीमा' मुख्यमन्त्री नियुक्त गरेको आरोप लगाउँदै भने, "लुकेर, भागेर, चिया पसलमा सरकार बनाउने कस्तो हास्यास्पद काम हो ?" यादवका अनुसार, एमालेले प्रदेश प्रमुख र सभामुख मिलाएर मधेशको सत्ता कब्जा गर्ने रणनीति बनाएको छ ।



***प्रदेशसभाभित्रको तनाव***

मुख्यमन्त्री नियुक्तिको समाचार सार्वजनिक भएपछि प्रदेशसभाभित्र झडपजस्तै अवस्था सिर्जना भएको छ । नेपाली कांग्रेसका प्रदेश सांसद वीरेन्द्रकुमार सिंह नेतृत्वमा केही विपक्षी सांसदहरू मुख्यमन्त्रीको कार्यकक्षमा पसेर तोडफोड गरेका छन् । उनीहरूले कुर्सी फ्याँकेका, राष्ट्रिय झण्डा हटाएर फालेका र कार्यकक्षको फर्निचरमा क्षति पुऱ्याएका छन् । यसबाट कार्यालयमा सामान्य क्षति पुगेको बताइन्छ ।

यसैबीच, प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीको राजीनामाको माग गर्दै प्रदेश प्रमुख कार्यालय अगाडि पनि तोडफोड गरिएको छ । कांग्रेस, जसपा र लोसपाका कार्यकर्ताहरूले बोर्ड र गमलामा क्षति पुऱ्याएका छन् । स्थिति नियन्त्रण गर्न प्रहरी परिचालन गरिएको छ र जनकपुरधाममा सुरक्षा व्यवस्था कडा पारिएको छ ।

***सडक आन्दोलन र कानुनी तयारी***

विपक्षी दलका कार्यकर्ता सडकमा उत्रिँदा वातावरण आक्रामक बन्यो। जनकपुरधामका विभिन्न स्थानमा टायर बाल्दै विरोध प्रदर्शन गरिएको छ। जसपा र लोसपाका कार्यकर्ताहरूले "संविधान मिच्ने प्रदेश प्रमुख हटाऊ" भन्ने नारासहित प्रदर्शन गरेका छन ।

विपक्षी दलहरूका नेताहरूले अब निर्णायक लडाइँ सर्वोच्च अदालतमा हुने बताएका छन्। जसपा, लोसपा, कांग्रेस र अन्य दलहरू संयुक्त रूपमा रिट दर्ता गर्ने तयारीमा छन्, जसमा मुख्यमन्त्रीको नियुक्तिलाई असंवैधानिक घोषित गर्न माग हुनेछ ।



***संवैधानिक विवाद र राजनीतिक संकेत***

संविधानको धारा १६८(२) अनुसार, कुनै दल वा गठबन्धनको बहुमतमा आधारित सरकार गठन गर्न नसकिए मात्र १६८(३) प्रयोग गर्न पाइन्छ । तर मधेश प्रदेशमा १६८(२) अन्तर्गत वैकल्पिक गठबन्धनको सम्भावना अझै जीवित थियो । जसपा, लोसपा, माओवादी केन्द्र र कांग्रेसबीच नयाँ गठबन्धनको वार्ता चल्दै थियो । यस्तो अवस्थामा १६८(३) को प्रयोगले प्रदेश प्रमुखको निष्पक्षता र संवैधानिक व्याख्यामा गम्भीर प्रश्न उठाएको छ ।

***स्थिरतामाथि संकट***

मधेश प्रदेशमा पछिल्ला केही महिनादेखि सरकारको अस्थिरता निरन्तर रहँदै आएको छ। मुख्यमन्त्री जितेन्द्र सोनलको राजीनामापछि नयाँ बहुमतको खोजीमा राजनीतिक दलहरू विभाजित बनेका थिए। अहिलेको विवादले राजनीतिक स्थिरतामा थप संकट ल्याएको छ। प्रदेश प्रमुख र मुख्यमन्त्री दुवैको वैधता प्रश्नमा

*बाँकी अन्तिम पृष्ठमा*

# मधेशमा वाम एकताको प्रभाव : सत्ता सन्तुलन फेरियो

दैनिक समाचारदाता


काठमाडौँ २४ कात्तिक । नेपालको वामपन्थी राजनीति फेरि एकपटक एकताको नयाँ मोडमा पुगेको छ। नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादीसहित १० वामपन्थी दल मिलेर 'नेपाली कम्युनिस्ट पार्टी (नेकपा)' गठन गरेका छन्। कात्तिक १९ गते सार्वजनिक एकता घोषणापछि दल दर्ताको प्रक्रिया निर्वाचन आयोगमा अघि बढेको छ। आयोगमा वैधानिकता पाएसँगै संघ, प्रदेशदेखि स्थानीय तहसम्म जनप्रतिनिधिको दलीय समीकरणमा ठूला हेरफेर हुने पक्का भएको छ।

संसद् विघटन र आगामी निर्वाचनको तयारीले राजनीतिक दलहरूबीच ध्रुवीकरणको प्रक्रिया तीव्र भएको छ। जेनजी विद्रोहपछि पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको सरकारले फागुन २१ गतेका लागि आम निर्वाचन घोषणा गरेसँगै वामदलहरू एकताको दिशामा अघि बढेका हुन्। आयोगले कात्तिक ३० गतेसम्म दल दर्ता प्रमाणपत्र लिनुपर्ने समयसीमा तोकेकाले नयाँ दलका नेताहरूले छिट्टै वैधानिकता पाउने दाबी गरेका छन्।

विघटित प्रतिनिधि सभामा माओवादीका ३२ र एकीकृत समाजवादीका १० सिट थिए। दुवै दल मिलेर बनेको नेकपामा माओवादीका जनार्दन शर्मा र सुदन किरातीजस्ता नेताले पुनर्गठन अभियान अघि बढाएका छन्। एकीकृत समाजवादीका

*बाँकी अन्तिम पृष्ठमा*

अब अनलाइनबाट बुकिङ्को सुविधा





- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि

www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# उखुको मूल्य र राज्यको मौनता

सर्लाहीको धनकौलस्थित अन्नपूर्ण चिनी उद्योगअगाडि सुरु भएको उखु किसानको अनिश्चितकालीन धर्नाले मधेश प्रदेशको कृषि, उद्योग र शासन प्रणालीबारे फेरि एक गम्भीर प्रश्न उब्जाएको छ। वर्षौंदेखि बारम्बार दोहोरिँदो यो समस्या कुनै एउटा उद्योगको मात्र कथा होइन – यो राज्यको प्राथमिकतामा किसान कहिल्यै केन्द्रमा नपरेको साक्षी हो।

आर्थिक वर्ष २०७०/७१ देखि अहिलेसम्म बिक्री गरिएका हजारौं क्विन्टल उखुको मूल्य नपाएका किसानले फेरि सडक रोज्नुपरेको छ। नौ करोडभन्दा बढी रकम रोकिएर बसेको छ । सरकारको मौनता, प्रशासनको ढिलासुस्ती र उद्योगीको गैरजिम्मेवारीले किसानको श्रम सधैं अपमानित भइरहेको छ। यो केवल 'बक्यौता रकम' को विवाद होइन – कृषक न्याय, जीवन र श्रमको मूल्यसँग जोडिएको सवाल हो।

मधेशका चिनी उद्योग र किसानबीचको सम्बन्ध सदैव असमान रहँदै आएको छ। उद्योगले मूल्य निर्धारणदेखि भुक्तानीसम्मको सम्पूर्ण अधिकार आफ्नो हातमा राख्दै आएको छ, किसान भने कानुनी र संस्थागत सुरक्षाविहीन छन्। २०७४ सालदेखि अहिलेसम्म विभिन्न उद्योगहरूले किसानलाई ठग्दै आएका छन् । उद्योगीले स्वामित्व परिवर्तनको बहानामा पुरानो भुक्तानी अस्वीकार गर्ने प्रचलन नै बसिसकेको छ । अदालत र प्रशासनबीच मुद्दा घुमाइरहँदा किसानको घरमा अभाव र ऋणको पहाड बढ्दो छ।

यस्ता घटनाले देखाउँछ, नेपालका कृषिआधारित उद्योगहरू अझै कानुनी अस्पष्टता र नियमनहीन अवस्थामै छन्। किसानसँग गरिएको खरिद सम्झौता कागजी औपचारिकतामात्र बनाइन्छ, भुक्तानी ढिलो हुँदा उद्योगमाथि कुनै ठोस कारबाही हुने व्यवस्था छैन। किसानले कहिले आन्दोलन गर्छन्, कहिले अदालत धाउँछन् तर राज्य कहिल्यै जिम्मेवार देखिँदैन।

संघीयताले कृषि अधिकार प्रदेश सरकारको जिम्मा बनाएको छ । तर मधेश प्रदेश सरकारले उखु किसान र उद्योगबीचको विवाद समाधानका लागि कुनै स्थायी संयन्त्र बनाउन सकेको छैन। मन्त्रालयहरूबीच समन्वयको अभाव, नीति कार्यान्वयनमा ढिलाइ, र किसानप्रति सहानुभूतिहीन दृष्टिकोणले समस्या झन् जटिल बनाइरहेको छ।

उखु मधेशको प्रमुख नगदे बाली हो, जसले हजारौं परिवारको आर्थिक जीवन धानेको छ। तर उद्योग र राज्यको दोहोरो उपेक्षाले यो बालीप्रति किसानको भरोसा हराउँदै गएको छ। भुक्तानी नपाउँदा किसान ऋणमा डुबिरहेका छन्, नयाँ बाली लगाउने पूँजी जुटाउन नसक्ने अवस्थामा पुगेका छन् । केही किसानले त अब उखु खेती नै बन्द गर्ने चेतावनी दिएका छन् । यदि यस्तो प्रवृत्ति फैलियो भने, मधेश प्रदेशको कृषि अर्थतन्त्र, औद्योगिक उत्पादन र खाद्य आपूर्ति सन्तुलन सबै संकटमा पर्न सक्छ।

अब आवश्यक छ किसानको श्रम मूल्य सुनिश्चित गर्ने ठोस कानुनी ग्यारेन्टी। सरकारले तुरुन्तै "कृषि उत्पादन भुक्तानी ग्यारेन्टी कोष" वा "उत्पादन सुरक्षा फण्ड" स्थापना गर्नुपर्छ, जसबाट उद्योगले किसानलाई रकम नदिए पनि तत्काल भुक्तानी गर्न सकियोस्। साथै, उद्योगको स्वामित्व परिवर्तन हुँदा पुराना बक्यौता रकम स्वतः हस्तान्तरण हुने कानुनी व्यवस्था गर्नुपर्छ । यसले मात्र किसान-उद्योग विवादलाई स्थायी समाधानतर्फ लैजान सक्छ।

अन्ततः, सर्लाहीका किसानको यो धर्ना केवल नौ करोडको माग होइन – यो राज्यसँग न्यायको माग हो। किसानको पसिनाको मूल्य चुकाउन असफल राज्यले कृषिप्रधान देशमा समृद्धिको सपना देख्न सक्दैन। जबसम्म किसानको श्रमको सम्मान र भुक्तानीको सुनिश्चितता हुँदैन, तबसम्म मधेशको हरियो उखु सुक्दै जानेछ र सँगै सुक्नेछ कृषकको आशा।

# सफल जीवनको वास्तविक अर्थ
# सोच, चरित्र र सन्तुलनको साधना



चन्देश्वर सादा

सफलता भन्ने शब्द सुन्दा नै मानिसको मनमा धन, पद, प्रतिष्ठा र शक्ति जस्ता कुरा झल्किन्छन्। समाजले पनि प्रायः यिनै मापनका आधारमा कसैलाई सफल ठहर्याउँछ। तर, के वास्तवमै यी नै सफलता हुन् ? ठूलो घर, ठूला गाडी, बैंकमा करोडौं रुपैयाँ, वा सामाजिक मान-सम्मान मात्रै सफलता हो ? यस प्रश्नको उत्तर खोज्दा जीवनका गहिरा तहमा पुग्नुपर्ने हुन्छ, जहाँ सफलताको अर्थ भौतिक उपलब्धिभन्दा धेरै फरक हुन्छ।

मानव जीवनमा सबैजना जित्न चाहन्छन्। कुनै पनि व्यक्ति हार्न चाहँदैन। तर, सबैजना सफल हुँदैनन्, किनकि सफलता केवल बाह्य उपलब्धिमा होइन, आन्तरिक सन्तुलनमा निहित हुन्छ। संसारमा थुप्रै धनी, प्रतिष्ठित र शक्तिशाली व्यक्तिहरू छन्, तर उनीहरू सबै खुसी छैनन्। उनीहरूको जीवन तनाव, असन्तोष र अशान्तिले भरिएको हुन्छ। यस्तै केही मानिसहरू पनि छन्, जो सानो घरमा बस्छन्, सामान्य जीवन बिताउँछन्, तर मनमा शान्ति र आत्मसन्तुष्टि हुन्छ। त्यसैले, सफलताको वास्तविक मापन धन होइन, मन हो; बाह्य उपलब्धि होइन, आन्तरिक सन्तुलन हो।

*आत्मचिन्तन र व्यवस्थापनको कला*

जीवनमा सफल हुनको पहिलो सर्त हो – आफूलाई चिन्न सक्नु। जसले आफूलाई बुझ्न सक्दैन, उसले संसारलाई बुझ्न सक्दैन। जसले आफ्नो मन, स्वभाव, कमजोरी र क्षमता बुझ्न सक्छ, उसले जीवनका हरेक कठिनाइलाई व्यवस्थापन गर्न सक्छ। जीवन व्यवस्थापनको मूल सूत्र हो – सन्तुलन।

परिवार, पेशा, समाज र आत्मा – यी चार तहमा सन्तुलन कायम गर्न सक्ने व्यक्ति नै सफल हुन्छ। जो व्यक्ति आफ्नो परिवारमा असफल छ, उसले समाज वा देशमा नेतृत्व गर्न सक्दैन। जो आफैंमा असन्तुलित छ, उसले अन्यलाई सन्तुलन सिकाउन सक्दैन। त्यसैले भनिन्छ, "सफलता घरबाट सुरु हुन्छ।" जसले आफ्नो परिवारमा सुख र सन्तुलन ल्याउन सक्छ, उसले समाजमा पनि योगदान दिन सक्छ।

*सफलता र चरित्रको सम्बन्ध*

सफलताको गहिरो जरो व्यक्तिको चरित्रमा हुन्छ। चरित्र भनेको केवल नैतिकता होइन; त्यो सोच, व्यवहार, आदर्श र दृष्टिकोणको संयुक्त प्रतिफल हो। धन र उपाधि पनि अन्ततः चरित्रमै निर्भर गर्छन्। असल सोच, इमानदार व्यवहार र सहृदय दृष्टिकोण भएको मानिसलाई सफलता पछि-पछि आउँछ।

त्यसको उल्टो, नकारात्मक सोच, लोभ, ईर्ष्या र घमण्डले मानिसलाई असफलताको गर्तमा लैजान्छ। फलेको रुख झुक्छ, तर नफलेको रुख घमण्डले ठाडो उभिन्छ – यही जीवनको सत्य हो। हामी समाजमा जति धेरै घमण्ड, असहमति र क्रोध देख्छौं, त्यो हाम्रो चेतना र चरित्रमा आएको विकृति हो। जब सोच सानो हुन्छ, तब व्यक्ति आफ्नो वरिपरि पनि सानो संसार बनाउँछ। सोच ठूलो भयो भने जीवन पनि विशाल र प्रकाशमय हुन्छ।

*सोच परिवर्तनकै शक्ति*

सफलता सोचबाट सुरु हुन्छ। सकारात्मक सोच भएको व्यक्ति कठिन परिस्थिति पनि अवसरमा बदल्न सक्छ। नकारात्मक सोच भएको व्यक्ति भने अवसरमा पनि समस्या देख्छ। सफल व्यक्तिहरू र असफल व्यक्तिहरूबीचको वास्तविक भिन्नता सोचमै हुन्छ। जीवनमा असफलता आउँछ – त्यो अपरिहार्य छ। तर, सफल व्यक्ति असफलतालाई अन्त्य होइन, नयाँ शुरुआतको संकेत ठान्छ। असफलताबाट सिक्न सक्ने व्यक्ति कहिल्यै असफल रहँदैन। ऊ हरेक हारलाई जीतको सीढी बनाउँछ।

*नेतृत्व, सोच र राष्ट्रिय चरित्र*

सफलता केवल व्यक्तिगत कुरा होइन; यो सामूहिक जीवनसँग पनि सम्बन्धित हुन्छ। देश, समाज र संस्थाहरू पनि व्यक्तिहरूको सोच र चरित्रबाटै चल्दछन्। नेपालका राजनीतिक अस्थिरता, आर्थिक अव्यवस्था र नैतिक पतनको कारण पनि यही हो – सोच र चरित्रमा कमजोरी।

आजका धेरै नेताहरू 'ठूलो बन्ने' चाहना त राख्छन्, तर 'सानो भएर ठूला काम गर्ने' कला सिक्दैनन्। नेतृत्व पदमा पुगेर जिम्मेवारी होइन, अवसर खोज्ने प्रवृत्तिले देशलाई थिलो-थिलो बनाएको छ। महँगीले सगरमाथा छोएको छ, उद्योगधन्दा धरासायी छन्, युवाहरू रोजगारीको खोजीमा विदेश पलायन भइरहेका छन् – यी सबै असफल सोचका परिणाम हुन्। जब नेतृत्वको सोच देशका नागरिकभन्दा ठूलो हुन्छ, तब देश सधैं सानो रहन्छ। त्यसैले, जसरी एउटा घर सफल हुन घरमूलीको सोच र चरित्र ठीक हुनुपर्छ, त्यस्तै देश सफल हुन नेताहरूको सोच र चरित्र सही हुनुपर्छ। असल नेतृत्व भनेको पद होइन, जिम्मेवारी हो।

*सफलता : सन्तुलन र सन्तोषको एकता*

सफल जीवनको आधार धन होइन, सन्तुलन र सन्तोष हो। जसको मनमा सन्तोष छैन, उसले कहिल्यै शान्ति पाउँदैन। सन्तुलन भनेको आफ्नो समय, भावना, सम्बन्ध र लक्ष्यबीचको सामञ्जस्य हो। धेरै पैसा कमाएर परिवार गुमाउनु सफलता होइन; ठूलो पद पाएर मित्र गुमाउनु बुद्धिमत्ता होइन। जीवनको अन्त्यमा मनमा शान्ति रहनु नै सबैभन्दा ठूलो सफलता हो।

जीवनमा साँचो सफलता तब हुन्छ, जब तपाईं अरूको जीवनमा सकारात्मक छाप छोड्न सक्नुहुन्छ। तपाईंका शब्दले कसैलाई हौसला दिन्छ, तपाईंका व्यवहारले कसैलाई आत्मविश्वास जगाउँछ, तपाईंको उपस्थितिले वातावरण उज्यालो बनाउँछ – तब तपाईं सफल हुनुहुन्छ।

*सोच र चरित्रको निरन्तर साधना*

अन्ततः, सफलता कुनै अन्तिम लक्ष्य होइन, यो निरन्तर साधना हो – सोचको, व्यवहारको, र चरित्रको। तपाईं जुनसुकै पेशामा हुनुहोस् – शिक्षक, किसान, नेता वा मजदुर – तपाईंको सोच र चरित्र सही छ भने तपाईं सफल हुनुहुन्छ।

जीवनमा जित्नेहरूको सङ्ख्या होइन, सोच्नेहरूको गहिराइले मूल्य तोक्छ। जो व्यक्ति दिनको अन्त्यमा आत्मसन्तोषका साथ सुत्न सक्छ, परिवारमा मुस्कान देख्न सक्छ, समाजमा प्रेरणाको स्रोत बन्न सक्छ – ऊ नै सफल हो।

सफलता त्यसै आउँदैन, त्यो सोच, चरित्र, सन्तुलन र सन्तोषको दीर्घ अभ्यासबाट जन्मिन्छ। जसले आफूलाई जित्छ, उसले संसारलाई पनि जित्छ।

# आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# ‘मधेश प्रदेश प्रमुखले असंवैधानिक काम गर्नुभयो’

‘संवैधानिक व्यवस्था र सर्वोच्च अदालतको व्याख्याले बारम्बार वैकल्पिक सरकार गठनको सम्भावनालाई महत्व दिएको छ । मुख्यमन्त्री जितेन्द्र सोनलले विश्वासको मत पाउने आधार पेस गर्दागर्दै अर्को सरकार गठन गर्नु असंवैधानिक हो ।’ मधेश प्रदेशका मुख्यमन्त्री जितेन्द्र सोनलले राजीनामा दिएपछि प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले वैकल्पिक सरकार गठनको प्रयास गर्नुको साटो धारा १६८(३) अनुसार सरोज यादवलाई मुख्यमन्त्रीमा नियुक्त गरिन् । उपचारका लागि काठमाडौं जान भनेर हिँडेकी उनले बर्दिबासको एक होटलमा यादवलाई मुख्यमन्त्री बनाएपछि चौतर्फी विरोध भएको छ । प्रदेश प्रमुखले चालेको कदमलाई कतिपयले असंवैधानिक भनेका छन् । यसै विषयमा मधेश प्रदेशका मुख्य न्यायाधिवक्ता भइसकेका अधिवक्ता एवं संवैधानिक कानुनका जानकार दीपेन्द्र झासँग कृष्ण ज्ञवालीले कुराकानी गरेका छन् । प्रस्तुत छ, कुराकानीको सम्पादित अंश :



***मधेश प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले गएराति सरोज यादवलाई मुख्यमन्त्रीमा नियुक्त गर्नुभयो । त्यो कदमप्रति अहिले किन चौतर्फी प्रश्न उठिरहेको हो ?***

उहाँले बिल्कुलै बेठिक, गलत र असंवैधानिक अभ्यास गर्नुभएको छ । किनभने, यसभन्दा अघि सर्वोच्च अदालतले प्रतिपादन गरेका नजिरहरू हेर्नुपर्ने हुन्छ । हिक्मत कार्कीले प्रदेश प्रमुखविरुद्ध दायर गरेको मुद्दा थियो, त्यसमा न्यायाधीश डा. आनन्दमोहन भट्टराई, ईश्वरप्रसाद खतिवडा र तिलप्रसाद श्रेष्ठको इजलासमा ईश्वर खतिवडाले निकै महत्वपूर्ण लाइन लेख्नुभएको थियो ।

त्यो रायमा भनिएको छ- संविधानको धारा १६८(२)(३) तथा धारा १८८(२) को बनोटलगायत संवैधानिक अभ्यासको दृष्टिले हेर्दा सरकार गठनका लागि धारा १६८(२) बमोजिम विकल्प रहेसम्म सो विकल्प अपनाउनु नै मनासिव हुन्छ ।

***संसद्बाट विश्वासको मत लिने दाबीसहित नियुक्त भएका मुख्यमन्त्रीले विश्वासको मत लिन नसकेपछि राजीनामा गर्नुभयो । अनि धारा १६८(३) अनुसार अर्को उपधाराको प्रक्रियामा जाँदा के गलत भयो र ?***

सरकार गठनको त्यो चक्र पूरा हुन पाएन । चक्र पूरा भएको भए तपाईंले भनेको ठिक हो । तर चक्र पूरा नहुँदै र अर्को सम्भावनासमेत रहेको खण्डमा अर्को प्रक्रियामा जान मिल्दैन । केदार कार्की (कोशी प्रदेशका पूर्वमुख्यमन्त्री)को मुद्दामा धारा १६८(५) मा सरकार गइसकेको थियो ।

धारा १६८(५)मा गइसकेको सरकार फेरि १६८(२) मा फर्केन । सर्वोच्च अदालतले त्यो मुद्दामा भन्यो कि, १६८(२)को सम्भावना छ भने एक पटक मात्रै होइन, बारबार पनि प्रयोग हुनसक्छ । तर जितेन्द्र सोनलजीको सन्दर्भमा त उहाँले त्यो प्रयोग नै गर्न पाउनु भएन ।

त्यो दिनको सभामुखको भिडियो सम्झिनुस् न । मुख्यमन्त्रीले ‘मलाई अलिकति समय दिनुस्’ भनेर समय माग्नुभएको थियो । तर समय दिनेभन्दा पनि छिटोछिटो सभामुखले निर्णयार्थ पेस गरिदिनुभयो । त्यसको लिंक अहिले प्रदेश प्रमुखको कदमसँग ठ्याक्कै जोडेर हेर्नुभयो एउटा स्पष्ट तस्वीर देखिन्छ ।

***अब कुन अवस्थामा चक्र पूरा हुने भन्ने प्रश्न आउने भयो । कुन अवस्थामा पुगेपछि मुख्यमन्त्रीले विश्वासको मत लिन नसकेको मान्ने ? विश्वासको मत पुग्न सक्ने अवस्था नभएपछि राजीनामा दिएको अवस्थामा कि सभामुखले नै विश्वासको मत पाउन नसकेको अवस्थामा ?***

विश्वासको मत लिने प्रस्ताव सभामा निर्णयार्थ पेस गरिसकेपछि उसले अंक पाउन सकेन भने विश्वासको मत नपाएको मान्नुपर्ने हुन्छ । त्यो चक्रको अन्तिम बिन्दु भनेको त्यही हो । तर प्रश्न उठ्ला, मुख्यमन्त्रीले विश्वासको मत पाउन नसक्ने अवस्था बुझ्नासाथ राजीनामा देलान् । अनि त धारा १६८ (२)को अवस्था दोहोरिइरहने हो ? भन्ने प्रश्न पनि आउला ।

म के उत्तर दिन्छु भने, उहाँको हकमा थोरै समय माग्नुभएको थियो । मलाई अर्को पार्टीसँग नेगोसिएसन गर्ने समय दिनुहोस् भन्नुभएको थियो । त्यसपछि २३ कात्तिकको घटनाक्रम हेर्नुपर्ने हुन्छ । उहाँले ७३ जना प्रदेशसभा सदस्यको हस्ताक्षरसहित प्रदेश प्रमुखलाई भेट्न जानुभएको छ ।

उहाँसँग त्यो संख्या रहेछ भने त प्रदेश प्रमुखले सम्भावना पनि हेर्नुपर्ने हो । धारा १६८ (२)को विकल्प हुँदाहुँदै किन अर्को विकल्प ( उपधारा १६८(३)मा जानु र ? केपी शर्मा ओलीले प्रतिनिधिसभा विघटन गरेको घटनामा ‘सम्भावना रहँदासम्म त्यसको चाहिँ प्रयोग गर्नुपर्छ है’ भनेर सर्वोच्च अदालत बोलेको छ ।

***२०७२ सालमा संविधान जारी भएपछि विश्वासको मत लिनुपर्ने प्रधानमन्त्री/मुख्यमन्त्रीले सभाबाटै राजीनामा दिएर कुन प्रक्रिया अपनाउने भन्ने अन्योलको अभ्यास त भएको थिएन नि ?***

यो खालको परिस्थिति आएको थिएन तर समग्रमा प्रतिनिधिसभा विघटनको मुद्दामा संवैधानिक इजलासले अर्को मुद्दामा त्यसबारे बोलेको छ । त्यो फैसलाको प्रकरण ८४, ८५ र ८६ हेर्ने हो भने ‘अर्को सरकार गठनको सम्भावना छ भने हेर्नुपर्थ्यो’ भनेर बोलेको छ ।

यदि मुख्यमन्त्री जितेन्द्र सोनलसँग बहुमतको सम्भावना छैन भने प्रदेश प्रमुखले धारा १६८(२) लाई दोहोर्‍याउने अवस्था थिएन । तर सम्भावना होइन कि, निश्चितै छ भने त उहाँको कुरा नहेरिनु प्रदेश प्रमुखको जबर्जस्ती हो ।

प्रदेश प्रमुखले होटलमा सपथ ग्रहण गराउन मिल्छ ? उहाँले ‘म दमको बिरामी छु अनि उपचार गराउन काठमाडौं जाँदैछु’ भनेर बर्दिबासको होटलमा सपथ ग्रहण गराउन मिल्छ ? प्रदेश प्रमुखको कार्यालय त गरिमामय कार्यालय हो नि ।

***प्रधानमन्त्री वा मुख्यमन्त्री विश्वासको मत लिन प्रतिनिधिसभा वा प्रदेशसभा गए । त्यहाँ उनीहरूले विश्वासको मत पाउने अवस्था नदेखेपछि राजीनामा दिए । र, सभाबाट विश्वासको मत पाउन नसकेको अवस्था घोषणा हुन सकेन । त्यस्तो अवस्थामा त संविधानको धारा ७६(२) वा १६८(२)को बारम्बार प्रयोग हुने भयो नि हैन ?***

जहाँसम्म बारम्बार दोहोरिने कुरा छ, प्रतिनिधिसभा विघटनको विषयमा राम्रो व्याख्या भएको छ । त्यो व्याख्याले उक्त धारा र उपधारा एकपटक मात्रै प्रयोग हुने होइन भनेको छ । संवैधानिक इजलासले अर्को सरकार गठनको सम्भावना रहँदासम्म जति पटक पनि त्यो धारा प्रयोग हुनसक्छ भनेर भनेकै थियो त ।

भनेको छ भने लोकतन्त्रमा बारम्बार यस्तो अभ्यास त हुन्छ । एउटै धाराको बारम्बार प्रयोग हुनु के नौलो कुरा हो र ? सम्भावना रहँदासम्म लोकतन्त्रमा त्यो धाराको बारम्बार प्रयोग हुनसक्छ । यो भन्दा अगाडि संवैधानिक इजलासले यसबारेमा बोलिसकेको छ ।

त्यही कुरा सर्वोच्च अदालतका न्यायाधीश ईश्वरप्रसाद खतिवडाको इजलासले हिक्मत कार्कीको मुद्दामा बोलेकै छ त । त्यत्रो राम्रो व्याख्या भइसकेपछि उक्त धारा बारम्बार प्रयोग हुनसक्छ । लोकतन्त्रमा कुनै एउटा दलको बहुमत छैन भने अर्को सरकार गठनको सम्भावना रहँदासम्म बारम्बार उक्त धाराको प्रयोग हुनसक्छ ।

समीकरणमार्फत संयुक्त सरकारको प्रयास हुनसक्छ । एकपटक होइन, संयुक्त सरकार तीन/चार पटक बन्न सक्छ । त्यो व्यवस्था एकपटक मात्रै प्रयोग हुने धारा होइन । यदि एउटा धारा एकपटक मात्रै प्रयोग गरेर एकबाट दुई, दुईबाट तीनमा जाने हो भने त सिद्धिगो नि ।

***अहिले मधेश प्रदेशमा सरकार गठनको विवाद कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्की विरुद्धको मुद्दाको फैसलासँग अलि बढी मिल्दोजुल्दो हो ?***

केदार कार्कीकै दुईवटा मुद्दा छन् । गण्डकी प्रदेशको सरकार गठनको विषयमा पनि यी विषय छन् । प्रदेश सरकार गठनका तीन वटा मुद्दा र प्रतिनिधिसभा विघटनका दुई गरी कूल पाँच वटा मुद्दालाई एकसाथ राखेर हेर्ने हो भने, सरकार गठन गर्ने धाराहरूको प्रयोग बारम्बार हुनसक्छ । ती धाराहरू एकपटक मात्रै प्रयोग गरेर उपधारा (७) अर्थात् प्रतिनिधिसभा वा प्रदेशसभा विघटनतिर जान खोज्ने संविधानको आसय होइन ।

पहिलो प्रतिनिधिसभा विघटनको फैसलामा पनि सर्वोच्च अदालतले यसबारे बोलेको छ । दोस्रो प्रतिनिधिसभा विघटनको मुद्दामा पनि वैकल्पिक सरकार गठनको विषयवस्तुमा व्याख्या भएको छ । कोसी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले दायर गरेको रिट निवेदनमा पनि यसबारे व्याख्या छ । कोसी प्रदेशकै विवादमा हिक्मत कुमार कार्कीले दायर गरेको रिटनिवेदनमा पनि यस्तै व्याख्या छ । गण्डकी प्रदेशमा सुरेन्द्रराज पाण्डेले दायर गरेको रिट निवेदनमा पनि सर्वोच्च अदालतले उही खालको आदेश दिएको देखिन्छ ।

हिक्मत कार्कीको अर्को मुद्दा, जसमा न्यायाधीश ईश्वर खतिवडाले मिहिन रुपमा सरकार गठनको विकल्पबारे व्याख्या गर्नुभएको छ । यी सबै उदाहरणहरुले अहिले मधेश प्रदेश प्रमुखले चालेको कदम असंवैधानिक भएको पुष्टि हुन्छ ।

विश्वासको मत पाउन नसकेको सरकारले राजीनामा दिनासाथ अर्को संयुक्त सरकार बन्नै नसक्ने अवस्था हुँदैन । त्यो धाराको फेरि पनि प्रयोग हुनसक्छ, तर प्रदेश प्रमुखलाई आफ्नो बौद्धिकता प्रयोग गर्ने ठाउँ दिएको देखिन्छ । संविधानले थोरै ‘कन्स्टिच्युसनल स्पेस’ दिएको छ, अर्थात् उसले यी सम्भावनालाई हेर्ने हो ।

यहाँ त सम्भावनाको कुरा रहेन । २३ गते हामी ७३ जना तयार छौं, अब १६८(२) अनुसार सरकार गठनको आह्वान गर्नुस् भनिएको छ । ७३ जनाको हस्ताक्षर लिएर ‘चिठी छ हजुरको हेर्नुस्’ भनेर सात पार्टी गएका छन् ।

***अहिले सरोज यादव धारा १६८(३) अनुसार मुख्यमन्त्री नियुक्त हुनुभयो । एक महिनाभित्र उहाँले विश्वासको मत लिनैपर्छ । त्यतिन्जेल अरू दलहरूले पर्खिए हुँदैन ?***

किन पर्खिनु ? प्रारम्भिक रूपमा हेर्दा नै असंवैधानिक देखिएको कदमलाई किन समर्थन गर्नु ?

***अब यो अन्योलमा कसरी समाधान खोज्ने ?***

जे विषयमा सभाले समाधान दिन सक्दैन, त्यो विषय कि सडकमा जान्छ, कि अदालत । अहिलेसम्म हाम्रो अभ्यास त्यही हो । सडकमा पनि गयो, अदालतमा पनि आउँछ होला भन्ने मलाई विश्वास छ ।

***अघि तपाईंले प्रदेश प्रमुखको मुकामको प्रसंग निकाल्नुभएको थियो । यसअघि लुम्बिनी प्रदेशमा पनि यस्तै अभ्यास भएको थियो । यसलाई कसरी हेर्ने ?***

यो बिल्कुल गलत अभ्यास भएको छ । प्रदेश प्रमुखले आफ्नो कार्यालयको गरिमा ख्याल राख्नुभएन । जेनजी आन्दोलन हुँदा सैनिक मुख्यालयमा बैठक राख्ने प्रयास हुँदा हामीले विरोध गरेका थियौं । राष्ट्रपति कार्यालयमा पो यो छलफल र नेगोसिएसन हुनुपर्थ्यो भनेका थियौं । तसर्थ, ठाउँको पनि आफ्नो महत्व हुन्छ ।

म दमको बिरामी छु भनेर बेलुकी ४ बजे काठमाडौं जान्छु भन्नुभएको थियो । अनि झुक्याएर बाटोमा पर्ने होटलमा शपथ गराउँदै हिँड्न त मिल्दैन । हामीले एउटा संस्कार पनि बसाउनुपर्छ ।

***जेनजी आन्दोलन भयो । सबैतिर यसको प्रभाव पर्‍यो । यो घटनाले हामीले अझै पनि संविधान र कानुनअनुसार आचरण पालना गर्न र त्यसको अवलम्बन गर्न सकेनछौं भन्ने सन्देश पो गयो, हैन ?***

त्यति मात्र होइन, मलाई के कुरामा दुःख लागेको छ भने, यत्रा विद्वान न्यायाधीशहरूले पाँच/पाँच वटा मुद्दामा पटक/पटक भनिसकेको कुरा हो । संविधान र कानुन बुझेको, नभए संविधान र कानुनका ज्ञाताहरूसँग सल्लाह गरेर निर्णय गर्ने प्रदेश प्रमुखको संस्थामा सर्वोच्चले गरेको आदेशविपरीत जुन काम भएको छ, मलाई त्यो बेठिक लाग्यो । साभारः अनलाइनखबरडटकमबाट

# मधेश प्रदेशको मुख्यमन्त्रीमा सरोज कुमार यादव नियुक्त

दैनिक समाचारदाता
जनकपुरधाम, २४ कात्तिक । संविधानको धारा १६८ को उपधारा ३ बमोजिम मधेश प्रदेशको मुख्यमन्त्रीको रूपमा सरोज कुमार यादवलाई नियुक्त गरिएको छ ।

प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले बर्दिबास सिन्धुलीको सिमानास्थित बर्दिबास ३ कालापानी पानस कटेजमा नियुक्तिपत्र प्रदान गर्नुभएको हो ।

संविधानको धारा १६८(३) बमोजिम संसद्को ठुलो दलको हैसियतले नेकपा (एमाले) मधेश प्रदेश संसदीय दलका नेता सरोज कुमार यादवलाई मुख्यमन्त्री पदमा नियुक्त गरिएको छ ।

मधेश प्रदेशको मुख्यमन्त्री यादवलाई पानस होटल बर्दिवासमा चयन गरि सपथ ग्रहण समेत गराइएको छ । होटलमै एमाले सांसद लखन दास तत्मा, नेपाल सङ्घीय समाजवादी पार्टीकी सांसद बिमला अन्सारी र राप्रपाकी सांसद कन्चन बिच्छालाई विना विभागीय मन्त्रीको शपथ पनि गराइएको छ ।

प्रदेश प्रमुख भण्डारी बिरामीको कारण देखाउँदै रातारात जनकपुरबाट काठमाडौँका लागि हिँड्नु भएको थियो । उहाँ बिरामी भएको थाहा पाएर मधेश भवनबाट



बाहिरिदा कार्यवाहक मुख्यमन्त्री जितेन्द्र सोनलले फुलको गुच्छा दिएर सोमवार बिहानै ४ बजे बिदाइ गर्नुभएको थियो ।

यता प्रदेश प्रमुख भण्डारी बाटोमा बर्दिवासको कालापानी स्थित होटल पानस कटेजमा सोमबार बिहान ५ बजेर २० मिनेटमा यादवलाई मुख्यमन्त्री पदको नियुक्ती र शपथ समेत गराउनु भएको हो ।

शपथपछि मुख्यमन्त्री यादवले भन्नुभयो, "मैले मुख्यमन्त्री पदमा शपथ लिएको हुँ । जनकपुरधामको अवस्था असहज थियो । चारैतिर विरोध प्रदर्शन भइरहेको थियो । त्यसैले बाहिर शपथको कार्यक्रम राखिएको हो ।"

विश्वासको मत नपाउने भएपछि कात्तिक २२ गते मात्र जितेन्द्र सोनलले मुख्यमन्त्री पदबाट राजीनामा दिनुभएको थियो । सोनलले प्रदेश प्रमुख भण्डारी अस्वस्थ भएको भन्दै काठमाडौँ जान जनकपुरबाट निस्केको आरोप लगाउनुभएको छ । तर, बिचबाटोमा नै उनले यादवलाई शपथ गराएको उहाँको भनाइ छ ।

उहाँले सामाजिक सञ्जालमा लेख्नुभएको छ, "मधेश प्रदेशको जनतासँग धोका भयो । स्वास्थ्य उपचारको नाममा निस्केकी मधेश प्रदेशकी प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले सिन्धुली र महोत्तरीको सिमानाको एउटा होटेलमा प्रदेशको अस्मितालाई समाप्त पार्ने खेल गरिन् । एक त महिला अर्को स्वास्थ्य को कुरा गरिन् ।"

प्रदेश प्रमुख भण्डारीलाई कांग्रेससहित ७ दलले संविधानको धारा १६८ को उपधारा २ बमोजिम दुई वा दुईभन्दा बढि दलले सरकार बनाउन भन्दै आह्वान गर्न दबाब दिइरहेका थिए । एमालेले पनि संविधानको धारा १६८ को उपधारा ३ बमोजिम सरकार गठन हुनुपर्ने भन्दै जनकपुरस्थित प्रदेश प्रमुखको कार्यालयमा नाराबाजी गरेको थियो । यता उपचारको बहानामा भागेर कटेजमा कार्यालय स्थापना गरेर मुख्यमन्त्री नियुक्ति गरिएकोमा प्रदेश प्रमुख भण्डारीको आलोचना भइरहेको छ ।

# हात्तीको आक्रमणबाट ट्रक चालकको मृत्यु

बारा २४ कात्तिक । पूर्वपश्चिम राजमार्गअन्तर्गत बाराको पथलैया-निजगढ सडकखण्डको १२ किलोमा आज हात्तीको आक्रमणबाट ट्रक चालकको मृत्यु भएको छ । मृत्यु हुनेमा जीतपुरसिमरा उपमहानगरपालिका-१, भक्तिनगरका ४० वर्षीय राजकुमार चौधरी रहेका छन् ।

प्रहरी उपरीक्षक सन्तोष तामाङका अनुसार वन क्षेत्रबाट राजमार्गमा निस्किएको जङ्गली हात्तीले ना. ४ ख. १८३० नम्बरको ट्रकका चालक चौधरीलाई आक्रमण गरेको थियो । ज्यान जोगाउन ट्रकबाट ओर्लिएर भागेका चौधरीलाई राजमार्गदेखि केहीभित्र जङ्गलमा हात्तीले आक्रमण गरेको थियो ।

घटनापछि प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्र, प्रहरी उपरीक्षक तामाङ, डिभिजन वन कार्यालयका प्रमुख राजिव झासहित सुरक्षा निकायका प्रमुखहरू हात्ती प्रभावित क्षेत्र गएका छन् । हात्ती जङ्गल पस्ने र राजमार्गमा निस्कने गरेका कारण दिनभर उक्त क्षेत्रको यातायात सेवा प्रभावित बनेको छ ।

हात्तीलाई धपाउन अनेकौँ प्रयास गरे पनि सफल हुन सकेको छैन । हात्ती जङ्गल पसेका बेला सुरक्षाकर्मीको सहयोगमा रोकिएका सवारी साधनलाई पठाउने गरिएको प्रहरी उपरीक्षक तामाङले बताउनुभयो । हात्तीले आइतबार रातिदेखि नै उक्त क्षेत्रमा उपद्रो मच्चाइरहेको छ । राजमार्गमा राति करिब १० बजे हात्ती देखिएपछि नेपाली सेना, नेपाल प्रहरीको टोलीले राति नै भगाएको थियो ।

डिभिजन वन कार्यालयका प्रमुख झाले हात्ती नियन्त्रणमा लिन चितवनबाट विज्ञ टोली आउँदै गरेको बताउनुभयो । नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैयाका प्रवक्ता एवं ट्राफिक प्रहरी नायब उपरीक्षक वकिल सिंहले हात्तीका कारण राजमार्गमा यातायात सेवा प्रभावित भइरहेको बताउनुभयो । रासस

# जेनजी आन्दोलन कुनै क्रान्ति होइन, उपद्रव हो : ओली

दैनिक समाचारदाता
काठमाडौं, २४ कात्तिक । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले जेनजी आन्दोलन कुनै क्रान्ति नभएको भन्दै उपद्रवको संज्ञा दिएका छन् ।
सोमबार राष्ट्रिय सभा गृहमा आयोजित घर फर्क अभियानको राष्ट्रिय घोषणा सभालाई सम्बोधन गर्ने क्रममा अध्यक्ष ओलीले यस्तो बताएका हुन् ।
'जेनजी आन्दोलनमा जसरी आगो लगाइयो, यो राजनीति होइन । यो समाज परिवर्तनका लागिको आन्दोलन होइन,' ओलीले भने, 'यो कसैले सिकाएर गरिएको एकदमै योजनाबद्ध, गुगल माप हेरिकन, खल्ती खल्तीमा म्याप बोकेर, हात हातमा हतियार र विस्फोटक चिज बोकेर हिँडेका मान्छेको योजनाबद्ध क्रियाकलाप हो । यो कुनै क्रान्ति होइन । विश्वमा यस्तो क्रान्ति कहीँ हुँदैन । यो उपद्रव हो ।'उनले क्रान्ति भन्ने कुरा सकारात्मक नतिजा दिनेगरी हुनुपर्ने बताउँदै २३ र २४ गते के प्रगति भयो ? भन्दै प्रश्न गरे ।'क्रान्ति



भनेको त गरिराख्नुपर्छ । क्रान्ति भनेको राम्रो कुरा हो । सकारात्मक नतिजा दिन्छ समाजलाई । २३ र २४ गते हामीले त्यो प्रगति पायौं ?,' उनले भनेका छन् ।

## मधेश............

परेपछि प्रदेशसभा पुनः ठप्प हुने जोखिम बढेको छ।

मधेश प्रदेशको वर्तमान परिस्थिति केवल सरकार गठनको विवाद होइन( यो संघीयता, संवैधानिक शासन र प्रदेश स्वायत्तताको परिक्षा पनि हो। प्रदेश प्रमुखको निर्णयले राजनीतिक निष्पक्षताको मानकमा प्रश्न उठाएको छ भने विपक्षी दलहरूको प्रतिक्रियाले प्रदेश राजनीतिको संवेदनशीलता झल्काएको छ।

अब न्यायपालिकाको निर्णयले मात्र यो विवादको दिशा निर्धारण गर्नेछ। यदि अदालतले विपक्षीको दाबी सही ठहरायो भने, यो घटना संघीय नेपालमा संविधानको व्याख्या र प्रयोगका लागि ऐतिहासिक नजिर बन्नेछ। तर यदि राजनीतिक हस्तक्षेपले कानुनी निष्पक्षता दबायो भने, मधेश प्रदेश फेरि लामो समयसम्म अस्थिरता र अविश्वासको दुष्चक्रमा फँस्ने निश्चित देखिन्छ।

## मधेशमा...........

केही सांसद निष्क्रिय र केही एमालेमा फर्किए पनि अधिकांश नयाँ पार्टीमा समावेश भएका छन्। संघीय संसद् विघटन भए पनि प्रदेश सरकारहरू कायम रहेकाले एकतापछि प्रदेशसभाहरूको शक्ति सन्तुलनमा परिवर्तन आएको छ।

एकतापछि बागमतीमा नेकपा दोस्रो ठूलो दल बनेको छ भने मधेश प्रदेशमा चौथो स्थानमा पुगेको छ। कोशी प्रदेशमा नेकपाको सिट संख्या १७ पुगेको छ, जबकि मधेशमा १६ सिटसहित जनमत पार्टीलाई उछिनेको छ। बागमतीमा माओवादीका २१ र समाजवादीका ७ सांसद गाभिएपछि नेकपा दोस्रो ठूलो दल बनेको छ। लुम्बिनीमा नेकपाको १२, कर्णालीमा १४, र सुदूरपश्चिममा १५ सिट पुगेका छन्। गण्डकी प्रदेशमा भने एकीकृत समाजवादीले अघिल्लो चुनावमा सिट नजितेकाले कुनै हेरफेर भएको छैन।

राष्ट्रिय सभामा पनि नेकपा प्रभावशाली बनेको छ। माओवादीका १८ र एकीकृत समाजवादीका ८ सिटसहित मनोनीत वामदेव गौतमसमेत जोडिँदा नेकपाको कुल सिट २७ पुगेको छ–एकल बहुमत नजिक। यद्यपि, माघ ११ गते हुने आंशिक निर्वाचनपछि यो सन्तुलन फेरिन सक्ने देखिन्छ।

*मधेशको सत्ता गणितमा वाम एकताको प्रभाव"*

काठमाडौं । नेपालको वामपन्थी राजनीति फेरि एकपटक एकताको नयाँ मोडमा पुगेको छ। नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादीसहित १० वामपन्थी दल मिलेर 'नेपाली कम्युनिस्ट पार्टी (नेकपा)' गठन गरेका छन्। कात्तिक १९ गते सार्वजनिक एकता घोषणापछि दल दर्ताको प्रक्रिया निर्वाचन आयोगमा अघि बढेको छ। आयोगमा वैधानिकता पाएसँगै संघ, प्रदेशदेखि स्थानीय तहसम्म जनप्रतिनिधिको दलीय समीकरणमा ठूला हेरफेर हुने पक्का भएको छ।

संसद् विघटन र आगामी निर्वाचनको तयारीले राजनीतिक दलहरूबीच ध्रुवीकरणको प्रक्रिया तीव्र भएको छ। जेनजी विद्रोहपछि पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको सरकारले फागुन २१ गतेका लागि आम निर्वाचन घोषणा गरेसँगै वामदलहरू एकताको दिशामा अघि बढेका हुन्। आयोगले कात्तिक ३० गतेसम्म दल दर्ता प्रमाणपत्र लिनुपर्ने समयसीमा तोकेकाले नयाँ दलका नेताहरूले छिट्टै वैधानिकता पाउने दाबी गरेका छन्।

विघटित प्रतिनिधि सभामा माओवादीका ३२ र एकीकृत समाजवादीका १० सिट थिए। दुवै दल मिलेर बनेको नेकपामा माओवादीका जनार्दन शर्मा र सुदन किरातीजस्ता नेताले पुनर्गठन अभियान अघि बढाएका छन्। एकीकृत समाजवादीका केही सांसद निष्क्रिय र केही एमालेमा फर्किए पनि अधिकांश नयाँ पार्टीमा समावेश भएका छन्। संघीय संसद् विघटन भए पनि प्रदेश सरकारहरू कायम रहेकाले एकतापछि प्रदेशसभाहरूको शक्ति सन्तुलनमा परिवर्तन आएको छ।

एकतापछि बागमतीमा नेकपा दोस्रो ठूलो दल बनेको छ भने मधेश प्रदेशमा चौथो स्थानमा पुगेको छ। कोशी प्रदेशमा नेकपाको सिट संख्या १७ पुगेको छ, जबकि मधेशमा १६ सिटसहित जनमत पार्टीलाई उछिनेको छ। बागमतीमा माओवादीका २१ र समाजवादीका ७ सांसद गाभिएपछि नेकपा दोस्रो ठूलो दल बनेको छ। लुम्बिनीमा नेकपाको १२, कर्णालीमा १४, र सुदूरपश्चिममा १५ सिट पुगेका छन्। गण्डकी प्रदेशमा भने एकीकृत समाजवादीले अघिल्लो चुनावमा सिट नजितेकाले कुनै हेरफेर भएको छैन।

राष्ट्रिय सभामा पनि नेकपा प्रभावशाली बनेको छ। माओवादीका १८ र एकीकृत समाजवादीका ८ सिटसहित मनोनीत वामदेव गौतमसमेत जोडिँदा नेकपाको कुल सिट २७ पुगेको छ–एकल बहुमत नजिक। यद्यपि, माघ ११ गते हुने आंशिक निर्वाचनपछि यो सन्तुलन फेरिन सक्ने देखिन्छ। स्थानीय तहमा पनि नयाँ समीकरण बनेको छ। २०७९ को स्थानीय निर्वाचनमा माओवादीबाट २५ प्रमुख, ९६ अध्यक्ष, ३३ उपप्रमुख र ९५ उपाध्यक्ष निर्वाचित भएका थिए। एकीकृत समाजवादीबाट १२ प्रमुख र ११ अध्यक्ष बनेका थिए। उपनिर्वाचनमा माओवादीले थप १० सिट जितेपछि अब एकीकृत नेकपाको स्थानीय जनप्रतिनिधि सञ्जाल देशभर सुदृढ बनेको छ।

यो एकताले केवल दुई ठूला वाम दलको पुनर्मिलन मात्र होइन, विगतको विभाजनबाट सिकेर वाम एकतालाई दीर्घकालीन रणनीतिमा रूपान्तरण गर्ने प्रयास हो। यद्यपि, वैधानिकता नपाइँदासम्म नयाँ दलको प्रभाव औपचारिक रूपमा मान्य हुँदैन। तर संघीय र प्रदेश स्तरमा यसले पुनः वामपन्थी ध्रुवीकरणलाई बलियो बनाउँदै आगामी निर्वाचनको राजनीतिक नक्सा पुनर्लेखन गर्ने संकेत दिएको छ।




'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४